## अनुसुची-६
### (नियम ११ को उपनियम ३ संग सम्बन्धित)
### विवरणको अभिलेख

मितिः

इजाजतपत्रको क्रम संख्याः-

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कोः-

(क) नामः-

(ख) ठेगानाः-

२. निर्माण व्यवसायी दर्तागर्ने कार्यालयकोः-

(क) नामः-

(ख) ठेगानाः-

३. निर्माण व्यवसायकोः-

(क) दर्ता नं. :-

(ख) दर्ता मिति :-

४. इजाजतपत्रको :-

(क) वर्गः-

(ख) समूहः-

५. इजाजतपत्र जारी गरेको/शुरु मितिः



# ललितपुर महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १, अतिरिक्ताङ्क ५, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७५/३/३२

## भाग-२

### ललितपुर महानगरपालिका
### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४

प्रमाणीकरण मिति : २०७५/२/२४

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५/३/३२

**परिचयः**

सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण व्यवसायीको प्रवर्द्धन गरी निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले

## अनुसुची-५
## (नियम ९ संग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
ललितपुर महानगरपालिकाको कार्यालय
पुल्चोक, ललितपुर ।

विषयः इजाजतपत्र नवीकरण गरीपाऊँ भन्ने ।

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण व्यवसाय कार्यविधि, २०७४ बमोजिमको यो दरखास्त कार्यालय समक्ष पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को:-
   (क) नामः-
   (ख) ठेगानाः-
   (ग) पोष्ट बक्सः-
   (घ) टेलिफोन नं.- फ्याक्स नं.-
   (ङ) इमेल:
२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको:-
   (क) नामः-
   (ख) ठेगानाः-
३. निर्माण व्यवसायीको:-
   (क) प्रमाणपत्र नं.:-
   (ख) दर्ता मितिः-
४. इजाजतपत्रको:-
   (क) इजाजतपत्र नं.-
   (ख) इजाजतपत्र जारी मितिः-
   (ग) इजाजतपत्र जारी गर्ने कार्यालयः-





(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ग) "प्राविधिक समिति" भन्नाले कार्यविधि ८(१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(घ) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था, स्थानीय तहको तर्फबाट सम्पन्न गरिने जुनसुकै निर्माण सम्बन्धी कार्य सम्झनुपर्दछ र सो शव्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँदछ ।

(ङ) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनुपर्दछ ।

(च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं निर्माण व्यवसाय ऐन, २०५५ लाई सम्झनुपर्छ ।

(छ) "'घ' वर्गको निर्माण व्यवसायी" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(छ)(१०) तथा निर्माण व्यवसाय नियमावली, २०५६ को नियम १० ले वर्गीकरण गरेको निर्माण व्यवसायीलाई सम्झनुपर्दछ ।

(ज) "नियमावली" भन्नाले निर्माण व्यवसाय नियमावली, २०५६ लाई सम्झनुपर्छ ।

(झ) "कार्यविधि" भन्नाले निर्माण व्यवसाय कार्यविधि, २०७४ लाई सम्झनुपर्छ ।

## अनुसुची-४

## नियम ४ को उपनियम (१) संग सम्बन्धित

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता**: प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण**: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. **मेशीन र उपकरण**:

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (एक थान)
(ङ) भाइब्रेटर (एक थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स





४.२ उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

(५) **इजाजतपत्र दिन सिफारिश गर्ने**: नियम ४ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजतपत्र दिन मनासिव देखेमा प्राविधिक समितिको सिफारिशमा दरखास्त प्राप्त भएको मितिले १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले ललितपुर महानगरपालिका समक्ष सिफारिश गर्नेछ ।

(६) **इजाजतपत्र दिनुपर्ने**: नियम ५ बमोजिम समितिबाट सिफारिश भई आएको मितिले १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको निर्णय बमोजिम इजाजत बापत तोकिए बमोजिमको दस्तुर र अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनुपर्नेछ ।

(७) **कागजात, जनशक्ति एवं उपकरणहरु**: 'घ' वर्गको इजाजतपत्र लिन चाहने कागजात, जनशक्ति एवं उपकरणहरु अनुसूची-३ मा तोकिए बमोजिमको हुनेछ ।

(८) **प्राविधिक समितिको गठन**: (१) 'घ' वर्गको निर्माण व्यवसायको इजाजतपत्र जाँचबुझ गरी सिफारिश गर्नका लागि देहाय बमोजिमका पदाधिकारी रहेको एक समिति गठन गरिनेछ ।

(क) महानगरपालिकाका योजना महाशाखा प्रमुख -संयोजक
(ख) प्रतिनिधि (महानगरपालिका स्थित निर्माण व्यवसायी संघ) -सदस्य

# अनुसूची - ३
## कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

**इजाजतपत्र**

इजाजतपत्र न. ............ मिति :- ............

ललितपुर महानगरपालिका

ललितपुर महानगर

............................

घ वर्गको निमाण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०...... को दफा २ को उपदफा (४) वमोजिम निमाण व्यवसाय गन ......स्थित कार्यालय भएको ............ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ।

इजाजतपत्र दिनेको:-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |





(१०) **इजाजतपत्रको दर्ता अभिलेख:** (१) महानगरपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत पत्रको अनुसूची- ८ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी अध्यावधिक बनाइ राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरिएको इजाजत पत्रको अभिलेख समेत दुरुस्त बनाई राख्नुपर्नेछ ।

(३) यस अघि जिल्ला विकास समितिबाट प्रदान गरिएका प्रमाणपत्रहरुको जिल्ला समन्वय समितिबाट प्रमाणित प्रति प्राप्त भएमा त्यस्तो प्रतिको अभिलेखका आधारमा यस आ.व.अन्त्यसम्म नवीकरणका लागि आएमा तोकिएको दस्तुर लिई प्रमाणपत्र नवीकरण गरिनेछ ।

## परिच्छेद- ३
## विविध

(११) **सार्वजनिक निर्माण कार्यको विवरण पेश गर्नुपर्ने:** (१) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिले ३५ दिनभित्र अनुसूची- ७ बमोजिमको ढाँचामा महानगरपालिका समक्ष पेश गर्नु सम्बन्धित निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित निर्माण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको १ प्रति विवरण सम्बन्धित आयोजनाका कार्यालयलाई समेत पठाउनुपर्नेछ ।

हक हस्तान्तरण भएमा

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कों:-

(क) नाम:-

(ख) ठेगाना:-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको:-

(क) नाम:-

(ख) ठेगाना:-

३. निर्माण व्यवसायको:-

(क) दर्ता नं.:-

(ख) दर्ता मिति:-

प्रमाणिकरण मिति
२०७५/२/२४

**आज्ञाले**
हरिप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत





## अनुसूची- ७
## (नियम ११ को उपनियम (१) संग सम्बन्धित)
## सार्वजनिक निर्माण कार्यको विवरण

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
ललितपुर महानगरपालिकाको कार्यालय
पुल्चोक, ललितपुर ।

बिषय: निर्माण कार्यको विवरण पेश गरेको ।

ललितपुर महानगरपालिका निर्माण व्यवसाय कार्यविधि, २०७४ बमोजिम सार्वजनिक कार्यको ११(१) बमोजिम विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को:-

(क) नाम:-

(ख) ठेगाना:-

२. कार्य योजनाको:

(क) नाम:-

(ख) ठेगाना:-

३. आयोजना कार्यालयको,

(क) नाम:-

(ख) ठेगाना:-

४. निर्माण व्यवसायी तर्फको इन्जिनियरको:-

(क) नाम:-

(ख) काम गरेको अवधि:-

(ग) नेपाल इन्जिनियरिङ एसोशिएसनको सदस्यता नं.:-

५. मुख्य जनशक्ति:-

(क) प्राविधिकः-

(ख) अप्राविधिकः-

६. ठेक्का सम्झौता भए बमोजिमको रकमः-

७. ठेक्का सम्झौता बमोजिमको रकम रु.

८. भेरिएसन भए/नभएको, (भएको भए)

(क) वृद्धि भएको रकम रु. ... ... ...

(ख) कम भएको रकम रु. ... ... ... ...

९. निर्माण कार्यको संक्षिप्त विवरणः

(क)

(ख)

(ग)

१०. कार्य समापन प्रमाणपत्र प्राप्त मितिः

११. इजाजतपत्र नं.

दरखास्त दिनेकोः-

दस्तखतः

नामः

पदः





## अनुसूची - ८

## (नियम १० को उपनियम (१) संग सम्बन्धित)

## इजाजतपत्र अभिलेख

इजाजतपत्रको क्रम संख्याः

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कोः

(क) नामः-

(ख) ठेगानाः-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-

(क) नामः-

(ख) ठेगानाः-

३. निर्माण व्यवसायकोः

(क) दर्ता नं.

(ख) दर्ता मितिः

४. इजाजतपत्रकोः

(क) वर्गः-

(ख) समूहः-

५. इजाजतपत्र जारी गरेको/शुरु मितिः-

**नवीकरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर (भौचर/रसिद नं.) र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(३) महानगरपालिकाले उपनियम (१) बमोजिम प्राप्त विवरणको अभिलेख अनुसूची-६ बमोजिम राख्नुपर्नेछ ।

१२) **इजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा महानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले स्थानीय तह, नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण तथा तत्सम्बन्धि कागजात पेश गरको प्रमाणित भएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको ठहरेमा ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) नियम ९ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) नियम १ वा ३ बमोजिम इजाजतपत्र खारेज भएकोमा महानगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई समेत दिनुपर्नेछ ।





१३) **निर्माण व्यवसायीको कर्तव्यः** ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधीनमा रही लागत अनुसारको गुणस्तरिय सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको कर्तव्य हुनेछ ।

१४) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिम तोकिएको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

१५) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएकोमा यही बमोजिम र अन्यको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१६) **बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

(ग) महानगरपालिकाले तोकेको इन्जिनियर -सदस्य सचिव

(२) 'घ' वर्गको निर्माण व्यवसायीको योग्यताको आधार अनुसूची- ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(९) **इजाजतपत्रको अवधि र नवीकरण सम्बन्धि व्यवस्थाः** (१) नियम ६ को उपनियम (१) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि नियम (१२) बमोजिम खारेज भएको अवस्थामा बाहेक प्रत्येक आर्थिक बर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र तोकिएको दस्तुर संलग्न गरी इजाजतपत्र नवीकरणका लागि महानगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि दरखास्त परेपछि प्रमुख प्रमुख प्रशासकीय अधिकृतले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरीदिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने निर्माण व्यवसायीले म्याद नाघेको ६ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहेमा तोकिए बमोजिमकोथप दस्तुर संलग्न गरी महानगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।





# अनुसूची - ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सम्झौता उपक्रमको नाम ठेगाना | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | सम्पादित कार्य विवरण र मिति | Variation को विवरण र मिति | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम | क. नाम | क. [illegible] | क. Variation पछिको ContractAmount | क. सम्पन्न रकम | क. अन्तिम ठेक्का रकम | |
| | | | | | ख. सम्झौता मिति | ख. पद | क. नाम | क. Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख. सम्पन्न मिति | ख. सम्पन्न मिति | |
| | | | | | ग. ठेक्का अवधि | ग. हस्ताक्षर | ख. पद | ख. पद | ग. सम्पन्न % | | |
| | | | | | | घ. छाप | ग. हस्ताक्षर | ग. हस्ताक्षर | घ. नाम | घ. नाम | |
| | | | | | | | घ. निर्णय मिति | घ. छाप | पद | पद | |
| | | | | | | | | छाप | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |

## परिच्छेद- २
## सार्वजनिक निर्माणको इजाजत/नवीकरण

(३) **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माणकार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराईने सार्वजनिक निर्माण कार्य गर्न यसले कुनै बाधा पुऱ्याएको मानिनै छैन ।

३.१ **इजाजतपत्रको लागि दरखास्त दिनुपर्नेः** सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न 'घ' वर्गको इजाजतपत्रको लागि सोही अनुसूची बमोजिमको कागजात सहित तोकिए बमोजिमको दस्तुर साथ ललितपुर महानगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ ।

३.२ उपनियम ३.१ बमोजिम पर्न आएका दरखास्त उपर नियम (८)(१) बमोजिम गठित प्राविधिक समितिले आवश्यक जाँचबुझका लागि पठाउनु पर्नेछ ।

(४) **दरखास्त जाँचबुझ गर्नुपर्नेः** (१) नियम ३(१) बमोजिम पर्न आएको दरखास्त ललितपुर महानगरपालिकाबाट जाँचबुझको लागि प्राविधिक समितिमा प्राप्त भएपछि समितिले त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको अनुसूची- ४ बमोजिमको आर्थिक क्षमता, प्राविधिक योग्यता जाँचबुझ गर्नुपर्नेछ ।





एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनेछैन ।

बनेको निर्माण व्यवसाय ऐन, २०५५ ले निर्माण व्यवसायीको फर्म/कम्पनी दर्ता/नवीकरण र अनुगमन सम्बन्धी व्यवस्था गरेमा ऐनको दफा ८ बमोजिमको 'घ' वर्गको फर्महरुको शर्तहरु तोकी तत्कालीन जिल्ला विकास समितिहरुलाई अधिकार प्रत्यायोजित गरेको थियो ।

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी ललितपुर महानगरपालिकाले यो कार्यविधि पारित गरी लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि ललितपुर महानगरपालिका कार्यपालिकाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

(२) **परिभाषा**: विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।





५. निर्माण व्यवसायी महासंघको:-
(क) सदस्यता नं.-
(ख) नवीकरण मितिः-

६. इजाजतपत्र नवीकरण दस्तुर/थप दस्तुर बापत रु. ... ... ... अक्षरेपी रु. ... ... ... ... ... जम्मा गरेको रसिद/भौचर यसैसाथ संलग्न छ ।

७. यस फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप:

निवेदक निर्माण व्यवसायीको तर्फबाट दरखास्त दिनेको:-

दस्तखत:
नाम:
पद: